# प्रदेश राजपत्र

**गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित**

**खण्ड ०७) पोखरा, असार २३ गते, २०८१ साल (अतिरिक्ताङ्क ११**


## भाग १

गण्डकी प्रदेश सरकार

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारण सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८१ सालको ऐन नं. ०१

**गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ लाई संशोधन गर्न बनेको ऐन**

**प्रस्तावनाः** गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ को दफा २ मा संशोधनः** गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) "कार्यालय" भन्नाले मन्त्रालय मातहतको जिल्लास्थित उद्योग तथा वाणिज्य सम्बन्धी विषय हेर्ने कार्यालय सम्झनु पर्छ।"

३. **मूल ऐनको दफा ३ मा संशोधनः** मूल ऐनको दफा ३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) यो ऐन प्रारम्भ हुनु पूर्व प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका प्राइभेट फर्मले फर्मको नवीकरण गराउनु पूर्व यस ऐन बमोजिम दर्ता अद्यावधिक गर्नु पर्नेछ।"

४. **मूल ऐनको दफा ४ मा संशोधनः** मूल ऐनको दफा ४ को उपदफा (४) को सट्टा देहाय बमोजिमको उपदफा (४) राखिएको छः-

"(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै व्यक्तिको नाममा एकै उद्देश्य भएको एक भन्दा बढी वाणिज्य सम्बन्धी प्राइभेट फर्म दर्ता गरिने छैन।

तर तोकिए बमोजिमको अनुमति लिई प्राइभेट फर्मको शाखा खोली सञ्चालन गर्न बाधा पर्ने छैन।"

५. **मूल ऐनको दफा ५ मा संशोधनः** मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः-

**"५. प्राइभेट फर्मको अवधि र नवीकरणः** यो ऐन बमोजिम दर्ता भएका प्राइभेट फर्मको प्रमाणपत्रको अवधि, नवीकरण दस्तुर तथा नवीकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"

६. **मूल ऐनको दफा ६क. थपः** मूल ऐनको दफा ६ पछि देहायको दफा ६क. थपिएको छः-

"६क. **कानूनी मान्यता नदिइने:** यो ऐन बमोजिम दर्ता नभएका प्राइभेट फर्मको नामबाट गरेको कुनै पनि लेनदेन वा अन्य कारोबारलाई कानूनी मान्यता दिइने छैन।

७. **मूल ऐनको दफा १० मा संशोधन:** मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएको छः-

"१०. **प्राइभेट फर्म खारेज गर्न सकिने:** (१) देहायको अवस्थामा कार्यालयले प्राइभेट फर्मको दर्ता खारेज गर्न सक्नेछः-

(क) प्राइभेट फर्मको धनीले मनासिब कारण देखाइ आफ्नो प्राइभेट फर्म खारेज गरी पाउँ भनी कार्यालय समक्ष निवेदन दिएमा,

(ख) दफा ४ को उपदफा (१) को विपरीत हुनेगरी झुट्ठा विवरण पेश गरी प्राइभेट फर्म दर्ता गरेको ठहरिएमा,

(ग) कार्यालयले दफा ७ बमोजिम माग गरेको विवरण सम्बन्धित प्राइभेट फर्मले तोकिएको अवधिभित्र पेश नगरेमा,

(घ) उद्योग सम्बन्धी प्राइभेट फर्मले कार्य सञ्चालन गरी कार्यालयलाई जानकारी दिई वा नदिई उद्योग बन्द गरेमा,

(ङ) उद्योग सम्बन्धी प्राइभेट फर्मले उद्योग स्थापना वा सञ्चालन गर्नका लागि कारखाना निर्माण, मेशिन औजार वा उपकरणको खरिद वा उद्योग सञ्चालनका लागि आवश्यक कार्य गरेको लिखित प्रगति विवरण कार्यालयमा नदिएमा,

(च) प्राइभेट फर्मले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरीत हुने गरी अन्य कुनै कार्य गरेमा।"

(२) उपदफा (१) को खण्ड (क) बमोजिम बाहेक कार्यालयले प्राइभेट फर्म खारेज गर्नु अघि सम्बन्धित प्राइभेट फर्मलाई मनासिब सफाईको प्रमाण पेश गर्ने मौका दिनु पर्नेछ।

प्रमाणीकरण मितिः २०८१।०३।२३

**आज्ञाले,**

**धर्मराज कुइकेल**

**प्रदेश सरकारको सचिव ।**